स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतीय नेपाली भाषी साहित्यकार तथा आयामेली अभियन्ता इन्द्रबहादुर राईको कथामा आधारित भएर बनेको फिल्म "जार"को "ए ठूली" बोलको गीत सार्वजनिक गरिएको छ । यसमा "काफ्ले" गीतकी गायिका झुमा लिम्बूको स्वर छ । उनलाई गायनमा पवन गिरीले साथ दिएका छन् । गीतमा शब्द हर्क साउदको छ भने संगीत गायिका लिम्बू स्वयंको छ । गीत लोकलयमा आधारित छ भने सुजन चापागाईंले "फूल" गीत गाउनेछन् ।

**आजको विचार...**



शिक्षा .... (दुई पेजमा)

प्राडा.कृष्णराज तिवारी



आगामी बैशाख २६ गतेबाट प्रदर्शनमा आउन लागेकोफिल्म "ऊनकोस्वीटर"कोप्रचारलाई अझ प्रभावकारी बनाउन सांगीतिक कार्यक्रम आयोजना गारिने भएको छ। देशका दुई ठूला सहरमा चर्चित गायक सुजन चापागाईंले सांगीतिक प्रस्तुति दिन लागेका हुन् ।

**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❐ वर्ष ३० ❐ अंक २७० ❐ २०८२ वैशाख १३ गते शनिबार 26 April 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### दुर्घटनामा पाँच प्रहरी अधिकारीको मृत्यु

(रासस/एएफपी)

**बैङ्कक, १२ वैशाख**/थाइल्यान्डको रिसोर्ट सहर नजिकै शुक्रबार प्यारासुट प्रशिक्षण अभ्यासका क्रममा एउटा सानो विमान समुद्रमा दुर्घटनाग्रस्त हुँदा पाँच थाई प्रहरी अधिकारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बैंककको दक्षिणमा रहेको प्राचुआप खिरी खान प्रान्तको तटमा बिहान ८:०० बजे (०१०० जिएमटी) दुर्घटना भएको हो । प्रहरी प्रवक्ता आर्क्योन क्रेथोडले जहाजमा रहेका छ जना अधिकारीमध्ये पाँच जनाको मृत्यु भएको र छैटौं गम्भीर घाइते भएर अस्पतालमा रहेको बताए । अधिकारीहरूले दुर्घटनाको कारण पत्ता लगाउन विमानको ब्ल्याक बक्स डाटा रेकर्डरको जाँच गरिरहेका छन् । राजधानीबाट एक सय ३० किलोमिटर (८० माइल) दक्षिणपश्चिममा सप्ताहन्तमा लोकप्रिय यात्रा स्थल चा-आम जिल्लाको किनारबाट करिब एक सय मिटर तल विमान खसेको स्थानीय मिडियाले जनाएको छ । सामाजिक सञ्जालमा सेयर गरिएको फुटेजमा विमान समुद्रमा खस्नुअघि घुमाउरो हुँदै गएको र मानिसहरू घटनास्थलमा पुगन छातीसम्मको पानीबाट हिँडिरहेको देखाइएको छ । प्रहरी प्रमुख कित्रात फानफेटले पूर्ण अनुसन्धान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । "रोयल थाई प्रहरीले आफ्नो ज्यान गुमाउने बहादुर अधिकारीहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछ", विज्ञप्तिमा भनिएको छ ।

# भूकम्पको दशक : भत्किएका संरचना अझै अधुरा

## भूकम्पले के सिकायो ? के सिकेनौँ ?

**प्रगति ढकाल/रासस**

**काठमाडौं, वैशाख १२** /विसं २०७२ को विनाशकारी भूकम्पका कारण हरेक वर्षको वैशाख १२ गतेले नेपालीलाई झस्काइरहन्छ । त्यो कम्पनले लाखौं सपनाहरू भत्काएको थियो । कतिको छानो खोस्यो । कतिको हाँसो । कसैको आफन्त खोस्यो । अनि कतिलाई घाइते बनायो ।

भूकम्पको दशक बित्दा पनि घाउ अझै निको भएको छैन । राजधानीका गल्लीगल्लीमा, पहाडी गाउँका पाखापखेरामा अझै भत्किएका घरहरू ठडिन सकेका छैनन् । जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए । दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरू । अझै भूकम्पका कारण भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनको पुनर्निर्माणकै क्रममा छन् । वि.स. २०७२ वैशाख १२ गते शनिबार मध्याह्न ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको ७.६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए । उक्त भूकम्पमा परी २२ हजार ३०९ घाइते भएका थिए । भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय,




४९ हजार ६८१ कक्षाकोठा, पाँच सय ४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, छ सय ५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो । यसैगरी चार सय १५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका एक सय ७० सम्पदासहित नौ सय २० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका तीन सय ८३ भवनमा क्षति पुगेको थियो । तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र दुई सय ९९ मानव बस्तीमा क्षति पुगेको थियो ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ (भवन तथा आवास) तथा त्यसअन्तर्गतका निकायबाट सम्पादन भएका आयोजनाको विवरण सार्वजनिक गरेको छ । एकाइका अनुसार निजी आवास पुनर्निर्माणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकामा आठ लाख ३४ हजार २६७ जनाले पहिलो किस्ता प्राप्त गरेका छन् । पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७५ (९२.४%)ले दोस्रो किस्ता र सात लाख ४३ हजार २४९ (८९.१%)ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेका छन् ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइका प्रमुख प्रकाश अर्यालले सरकारले उपलब्ध गराएको रु तीन लाख अनुदानले निजी आवास निर्माणको काम सम्पन्न नहुने र थप लगानीका लागि क्षमता नहुने सर्वसाधारणले ढिलो निर्माणकार्य थालनी गरेको जानकारी दिए । "थप लगानी जुटाउन सक्ने सर्वसाधरणले त छिट्टै घर निर्माणको काम सम्पन्न गरेका छन् । तर कतिपयले लगानीको अभावले समयमा घर निर्माण गर्न नसक्दा लामो समयसम्म निजी आवास निर्माणको काम सम्पन्न हुन सकेन", उनले भने, "भूकम्प गएको छ वर्षसम्म पनि लाभग्राही छनोटमा गुनासो बढिरहँदा ती गुनासो सम्बोधनका लागि पनि थप समय लागेको हो ।"

अर्यालले लगानी व्यवस्थापन, पुरातात्विक सम्पदा निर्माणको क्रममा स्थानीय बासिन्दासँगको विवाद, अनुदान ल्याउन प्रक्रिया लम्बिँदालगायत कारण पुनर्निर्माणको प्रक्रियामा ढिलाइ भएको स्वीकार गर्दै आगामी एक वर्षमा ९९ प्रतिशत काम सम्पन्न हुने बताए । उनका अनुसार विभिन्न जिल्लामा भूकम्पपश्चात आंशिक क्षति भई मर्मत गरिएका सरकारी भवन सङ्ख्या दुई सय ५३ रहेका छन् । विभिन्न जिल्लामा भूकम्पपश्चात सरकारी कार्यालय सञ्चालन गर्नका लागि निर्माण भएका नमूना सङ्ख्या दुई सय ८८ रहेका छन् । "विभिन्न १० जिल्लामा भूकम्पपश्चात अस्थायी रूपले बसोबास गर्नका लागि बनाइएको सामुदायिक भवनको सङ्ख्या सात सय ५६ परिवारका लागि निर्माण गरिएकामा ५० वटा (हात विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको) छ", अर्यालले भने, "विभिन्न जिल्लामा सरकार तथा एसियाली विकास बैंकको सहयोगमा सम्पन्न सरकारी भवनको सङ्ख्या एक सय ५१ रहेका छन् । भवन प्रवलीकरणतर्फ कुल ११ वटा राणाकालीन भवनमा आठवटा सम्पन्न, तीनवटाको प्रवलीकरण कार्य भइरहेको छ । भारतीय सरकारको सहयोगमा संरक्षण तथा पुनर्निर्माण भइरहेका पुरातात्विक सम्पदा आयोजना सङ्ख्या २८ रहेका छन् । कार्यान्वयन नभएका आयोजना सङ्ख्या दुईवटा छन् । सम्पन्न भएका आयोजना सङ्ख्या १३ वटा रहेका छन् ।"

यसैगरी निर्माणाधीन आयोजना सङ्ख्या १२ वटा रहेको एकाइले जनाएको छ । एकीकृत बस्ती विकासतर्फ विभिन्न जिल्लामा ९७ वटा बस्ती विकासका कार्य सम्पन्न भइसकेको र नौवटा कार्यकम कार्यान्वयनको क्रममा छ । यसैगरी भूकम्पपश्चात निर्माण भएका एक हजार १२६ वटा स्वास्थ्य भवनमध्ये एकाइमा राष्ट्रिय पुनर्निर्माण प्रधिकरणमार्फत हस्तान्तरण भएका पाँच सय ४४ भवनमध्ये तीन सय ३६ वटा स्वस्थ्य भवन निर्माण सम्पन्न भएका र अरू निर्माणाधीन रहेको एकाइको भनाइ छ । एकाइका अनुसार धरहरा पुनर्निर्माणको काम पनि अझै १४ प्रतिशत बाँकी नै छ ।

*-बाँकी अन्तिम पेजमा...*

## दश वर्षअघि गएकै समयमा फेरि गयो भूकम्प





**पाल्पा, वैशाख १२**/१० वर्ष अघि गोरखामा गएको महाभूकम्पकै समयमा पुन: अर्को भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार शुक्रबार बिहान ११ बजेर ५७ मिनेट जाँदा सिन्धुपाल्चोकको फुल्पिङकोट केन्द्रबिन्दु भएर भूकम्प गएको हो ।

फुल्पिङकोट आसपास केन्द्रबिन्दु भएर ४ दशमलव १ रेक्टर स्केलको भूकम्प गएको मापन केन्द्रले जनाएको छ । यसअघि विहीबार बेलुकी साँझ ७ बजेर ३४ मिनेट जाँदा पनि रुकुमको रन्मामैकोट केन्द्रबिन्दु भएर ४ दशमलव २ रेक्टर स्केलको भूकम्प गएको थियो । १० वर्षअघिको भूकम्पको सम्झना स्वरुप विभिन्न कार्यक्रम भइरहँदा फेरि भूकम्पले हल्लाएको हो । गोरखा भूकम्प २०७२ साल वैशाख १२ गते बिहान ११ बजेर ५६ मिनेटमा ७.८ रेक्टर स्केलको भूकम्प गएको थियो ।

## आज बौद्धिक सम्पत्ति दिवस मनाइँदै

**पाल्पा, वैशाख १२**/आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी बौद्धिक सम्पत्ति दिवस मनाइँदै छ । विश्व बौद्धिक सम्पत्ति संघ (विपो) को पहलमा सन् २००० को अप्रिल २६ देखि विज्ञान तथा प्रविधि, कला तथा साहित्य र उद्योग तथा व्यापार क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा सघाउ पुऱ्याउने उद्देश्यले विश्वभर हरेक वर्ष विश्व बौद्धिक सम्पत्ति दिवस मनाइने गरिएको छ ।




नेपाल विपोको सदस्य राष्ट्र हो । विपोको बौद्धिक सम्पत्तिसम्बद्ध विश्वका आविष्कारक, नवप्रवर्द्धक, लेखक, सर्जकलाई एक-आपसमा जोडी सम्बन्ध विस्तार गर्ने तथा उनीहरूको सिर्जना र प्रतिभालाई प्रवर्द्धन गरी जनचेतना फैलाउने नीति रहेको छ । विशेषगरी महिला तथा आदिवासी समूहलाई प्राथमिकता दिई विश्वभर विभिन्न कार्यक्रमका साथ यो दिवस मनाइने गरिन्छ । दिवसको अवसरमा आज विभिन्न कार्यक्रम आयोजना गरिँदै छन् । आजकल बौद्धिक चोरीसमेत बढिरहेको सन्दर्भमा यो दिवस निकै फलदायी हुने देखिन्छ । दिमागको सिर्जनामा सर्जकको मौलिकता र व्यवसाहिकता दुबै हुन्छ र त्यसको संरक्षणको सस्थागत अभ्यास नै आजको दिनमा चर्चा गरिन्छ । अहिले डिजिटल युगमा त झन विचार अनि बौद्धिकताको विश्वव्यापी एकै धारमा बाढि झैं आएको छ । यस बौद्धिक अधिकारको संरक्षण विना त सर्जकको सिर्जनाको मुल्य नै रहन सक्ने अवस्था छैन् । अहिले बजारमा निस्किएका गीतहरु देखि कपी पेस्ट गर्ने बिचार अनि भनाइहरु ति सर्जकका सम्पती हुन या हैनन् ? यदि हो भने के ती कुराहरु ति सर्जकका सम्पतीको उत्पादकत्व के ? आदि सोचनीय कुरा भएका छन् । बौद्धिक सम्पत्ति स्वभावैले चोरी सम्भाव्य हुन्छ । तत्कालै नियन्त्रण नगरेमा क्षतिपूर्तिले थाम्नै नसक्ने गरी वादी पक्षको अपूरणीय क्षति हुनसक्छ । बौद्धिक सम्पत्ति अधिकार निजी प्रकृतिको अधिकार भएकाले कसैले यसको उल्लंघन गरेमा प्रमाण जुटाउने दायित्व धनीको हुन्छ । अधिकार उल्लंघनका घटनाहरू बरोबर नदोहोरीयोस् भनेर दण्डजरीवानाका निर्धारित उपाय अवलम्बन गरी अधिकार प्रचलन गराउनुपर्ने हुन्छ । अधिकार प्रचलन गराउने कार्यविधि मनासिव र न्यायोचित हुनुपर्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## बौद्धिक सम्पत्तिको संरक्षण गरौं

विश्व बौद्धिक सम्पत्ति संगठन अस्तित्वमा आएको दिनको सम्झनामा हरेक वर्षको अप्रिल २६ लाई विश्व बौद्धिक सम्पत्ति दिवसका रूपमा मनाइँदै आएको छ । यस वर्ष पनि आज विश्वभर विविध कार्यक्रमहरुको आयोजना गरी दिवस मनाइँदै छ । बौद्धिक सम्पत्ति मानिसको आफ्नो सीप, क्षमता र दक्षताको प्रयोग गरी तयार गरेको सिर्जनात्मक कार्य हो । जसको माध्यमबाट भौतिक संरचना वा वस्तु निर्माण हुन्छ भने उक्त वस्तु वा संरचना माथिको सर्जकको अधिकार बौद्धिक सम्पत्तिको अधिकार हो । तर पछिल्लो समय वौद्धिक सम्पत्ति चोरीको क्रम बढ्दै गएको छ । यो अत्यन्तै दुःखको कुरा हो ।

शिक्षा क्षेत्रको शोधपत्र चोरीदेखि सगित क्षेत्रका शब्द संगीतको चोरीका घटनाहरु बढ्दै गएका छन् । आफ्नो बुद्धिविवेक प्रयोग गरी सिर्जना गरेका कुरा नै बौद्धिक सम्पत्ति हुन् । मानिसलाई भौतिक सम्पत्ति स्वामित्वको अधिकार भएजस्तै आफूले सिर्जना र रचना गरेका सामग्रीमा स्वामित्वको हकदावी गर्ने अधिकार कानुनले दिएको छ । प्रतिलिपि अधिकार ऐन र प्रतिलिपि अधिकार नियमावलीमा साहित्य, कला, ज्ञान–विज्ञान र मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचनामा रचयिताको हक लाग्ने जनाइएको छ । तर त्यो उचित कार्यान्वयन हुन सकिरहेको छैन ।

नेपालमा बौद्धिक सम्पत्तिसम्बन्धी कानुन फितलो भएको हुँदा चोरीचकारी अत्यधिक छ । जहाँ बौद्धिक सम्पत्तिको सुरक्षा हुँदैन, त्यहाँ वैदेशिक लगानीकर्ता पनि आकर्षित हुँदैनन् । जबकि बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पनि पक्षराष्ट्र हो । तै पनि हामीले बलियो कानुन बनाउन सकेका छैनौं । कतिले नजानेर र कतिले जानीजानी उद्योगधन्दाका ट्रेडमार्कहरूको नक्कल वा चोरी गरिरहेका हुन्छन् । यसमा सचेतना वृद्धिको अभाव पनि एउटा कारण देखिन्छ । अर्कोतिर बौद्धिक सम्पत्ति चोरीमा दण्ड सजाय पनि वृद्धि गर्नुपर्ने खाँचो छ । नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हकको व्यवस्था छ । यो मौलिक अधिकार पनि हो । ट्रेडमार्क, पेटेन्ट र डिजाइन भनेका सम्पत्ति हुन् । तिनको हक जसलाई छ, उसकोबाट कसैले छिन्न हुँदैन र छिन्न नदिने वा संरक्षण गर्ने दायित्व राज्यकै हुन्छ । जसका लागि तत्काललाई बलियो र प्रस्ट कानुनको निर्माण गरि बौद्धिक सम्पत्ति संरक्षणमा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

समय खराब छ भनेर नडराऊ, समय सधैं एउटै हुँदैन ।
हिम्मत गर, परिवर्तन आफै आउँछ ।
*(सविता भट्टराईको फेसबुक स्टाटस https://www.facebook.com/bhattarai.sabita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षा क्षेत्रको भद्रगोल र त्रिविका उपकुलपति राजीनामा प्रकरण



प्राडा.कृष्णराज तिवारी

*त्रिविमा मेरो तीन दशकभन्दा बढी प्राध्यापक भई कार्य गरिरहेको र कुनै समय त्रिविको पदीय जिम्वेवारीसमेतको अनुभवले के देखाउँछ भने विश्वविद्यालयमा हुने राजनीतिक हस्तक्षेपमा यसका पदाधिकारीहरू आफैं जिम्मेवार छन् । त्रिवि एक स्वायत्त संस्था हो । त्रिविलाई नियम, कानुन निर्माण गर्न, शैक्षिक कार्यक्रम, अध्ययन, अनुसन्धान र आर्थिक आर्जनका कार्यक्रम गर्न कुनै रोकतोक छैन । डिन, कार्यकारी निर्देशक, क्याम्पस प्रमुख सबैलाई आफ्नो संस्थाको प्राज्ञिक उन्नयन, अनुसन्धान तथा आर्थिक स्रोत जुटाउन प्रशस्त प्रावधान उल्लेख गरेको छ । यसमा विश्वविद्यालयका प्राध्यापकहरूलाई कसरी प्रोत्साहन दिने र हौसला प्रदान गर्ने भन्ने महत्वपूर्ण हुन्छ । प्राध्यापकहरूले प्रवाह गर्ने सेवाले नै विश्वविद्यालयलाई चलायमान बनाउँछ । यसमा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्टारको भूमिका प्रशासकको रूपमा नभई समन्वयकारी र सहजकर्ताको रूपमा हुनुपर्दछ ।*

नेपालको शिक्षा क्षेत्र विगत लामो समयदेखि भद्रगोल, अन्यौल र राजनीतिक कोपभाजनमा परेको सर्वविदित नै छ । विगत एक हप्तादेखि नेपालका प्रमुख पत्रपत्रिकामा शिक्षक आन्दोलन, त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको राजीनामा प्रकरणमा राजनीतिक हस्तक्षेपले प्राथमिकता पायो । 'विद्या धनम् सर्व धनम् प्रधानम्' को मूलमन्त्र अहिले सडक र सञ्चारमाध्यमहरूमा व्याप्त बनेको छ भने देशका कर्णधारहरूको भविष्य अन्यौलमा छ । त्यसैले बालिग हुनेबित्तिकै राहदानीको लाम अनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको चाप नेपाली युवाहरूको नियति नै बनेको छ । नेपालको सन्दर्भमा, उच्च शिक्षामा राजनीतीकरण लामो समयदेखि चर्चा र बहसमा छ । हामी यसैमा रुमल्लिरहेका छौं तर समस्या झन बल्झिएको छ ।

त्रिविमा मेरो तीन दशकभन्दा बढी प्राध्यापक भई कार्य गरिरहेको र कुनै समय त्रिविको पदीय जिम्वेवारीसमेतको अनुभवले के देखाउँछ भने विश्वविद्यालयमा हुने राजनीतिक हस्तक्षेपमा यसका पदाधिकारीहरू आफैं जिम्मेवार छन् । त्रिवि एक स्वायत्त संस्था हो । त्रिविलाई नियम, कानुन निर्माण गर्न, शैक्षिक कार्यक्रम, अध्ययन, अनुसन्धान र आर्थिक आर्जनका कार्यक्रम गर्न कुनै रोकतोक छैन । डिन, कार्यकारी निर्देशक, क्याम्पस प्रमुख सबैलाई आफ्नो संस्थाको प्राज्ञिक उन्नयन, अनुसन्धान तथा आर्थिक स्रोत जुटाउन प्रशस्त प्रावधान उल्लेख गरेको छ ।

यसमा विश्वविद्यालयका प्राध्यापकहरूलाई कसरी प्रोत्साहन दिने र हौसला प्रदान गर्ने भन्ने महत्वपूर्ण हुन्छ । प्राध्यापकहरूले प्रवाह गर्ने सेवाले नै विश्वविद्यालयलाई चलायमान बनाउँछ । यसमा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्टारको भूमिका प्रशासकको रूपमा नभई समन्वयकारी र सहजकर्ताको रूपमा हुनुपर्दछ । तिनै प्राध्यापकमध्येबाट नै विश्वविद्यालयका पदाधिकारी नियुक्त हुने हुन् तर पद हासिल गर्ने बित्तिकै प्राज्ञिक भूमिका भुलेर प्रशासकको रूपमा आफूलाई राख्ने, विश्वविद्यालय राम्रा, अनुभवीभन्दा हाम्रालाई राख्न विभिन्न कार्यविधि र विनियमको नाममा अनुकूल छिद्र खोजी नियुक्ति गर्ने प्रवृत्तिले राजनीतिक हस्तक्षेपलाई आमन्त्रण गर्न पुगेको देखिन्छ ।

अब छलफल गरौं हालै त्रिविका उपकुलपति प्राडा.केशरजंग बरालको राजीनामा प्रकरणबारे । उहाँ लगभग एक वर्षअघि छनौट कमिटीबाट दोस्रो नम्बरमा सिफारिश हुँदाहुँदै पनि सार्वजनिक नाटक मञ्चन गरी नियुक्ति हुनभएको हो । पहिलोलाई पाखा लगाउँदै नियुक्ति पाउनका लागि उहाँले शिक्षा क्षेत्रमा कुनै उल्लेखनीय योगदान गरेको पनि कतै देखिएको वा सुनिएको छैन । यसबाट स्पष्टै हुन्छ उहाँको नियुक्ति कसरी भयो भनेर । अझ उपकुलपतिको प्रतिस्पर्धा खुला हुने बित्तिकै सेवानिवृत्त भएर बसिरहेको अवस्थामा पनि उहाँको नाममा बजार हल्ला चल्नुले पनि यो नाटक मञ्चनलाई पुष्ट्याइँ गर्दछ । उपकुलपति पदमा प्रतिस्पर्धा गर्दै गर्दा प्रतिबद्धतापत्र लेखन समयमा विश्वविद्यालयको समस्या, चुनौती, राजनीतिक हस्तक्षेपका बारेमा उहाँलाई थाहा थिएन होला र ? तिनै समस्यालाई समाधान गर्न भनी प्रतिबद्धतापत्र प्रस्तुत गरेको होइन र ? अनि त्यही कार्यान्वयन गर्न आफ्नो टिम बनाउँछु भनी रेक्टर र रजिष्टार छान्नु भएको होइन र ? पहिलोलाई पन्छाउँदै दोस्रो उम्मेदवार छनौट हुँदा राजनीतिक हस्तक्षेप थियो कि थिएन होला ? आफैंले रोजेको टिमले साथ किन दिएन र मेरा सेना पछि हटे भन्दै हिँड्नुपरेको होला ? कतै उहाँको आफ्नै कार्यशैलीमा त खोट छैन ? प्रश्न सोचनीय बनेको छ ।

सार्वजनिक रूपमा आदर्श व्यक्ति झैं मेरिटोक्रेसीको आधारमा नियुक्तिहरू गर्ने कुनै भागबण्डा नगर्ने प्रतिबद्धता जनाउनु भएको हो । तर, आफैंले त्रिविका पदाधिकारी नियुक्तिका लागि बनाउनुभएको त्रिभुवन विश्वविद्यालयमा सावधिक पदमा नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम २०८१ मा विभिन्न छिद्रहरू राखी आफ्नो अनुकूलका छनौट कमिटी गठन गरी घुमाइफिराइ पार्टीका भागबण्डामा नै नियुक्ति गर्ने प्रपञ्च रच्नुभयो । यसमा एमाले महासचिवको भद्दा मेरिटोक्रेसी भनी विज्ञप्ति नै आयो । म स्वयं एउटा सिफारिश कमिटीमा संलग्न थिएँ । हाम्रो टिमले स्कोरको आधारमा सिफारिश गर्दा उहाँहरूले आफ्नो अनुकूलको व्यक्ति राख्न प्राप्तांकविनै वर्णानुक्रमानुसार सिफारिश माग्नुभयो । अन्त्यमा उत्कृष्टको नाममा भागबण्डामा नै पदाधिकारी नियुक्ति गर्नुभएको जगजाहेर नै छ । उहाँको हस्तक्षेपको सानो उदाहरण प्रस्तुत गर्न चाहन्छु । कुनै क्याम्पसमा क्याम्पस प्रमुखको पदावधि २०८१ जेठ १८ मा सकिई अर्को नियुक्ति गर्नुपर्नेमा आफ्नो राजनीतिक आस्था अनुकूलको क्याम्पस प्रमुख राख्न २०८१ असोजमा डिनबाट गठित कमिटीले क्याम्पस प्रमुख राजीनामा पेश गर्दासमेत क्याम्पस प्रमुखमा पहिलो नम्बरमा राजीनामा भएका उम्मेदवारलाई सोही अध्ययन संस्थानको डिनमा पुस १० गते नियुक्ति गरी सिफरिस गरिएका तीन उम्मेदवारमध्येबाट क्याम्पस प्रमुख छान्ने प्रावधान हुँदाहुँदै केवल दुईजना भित्रबाट २०८१ माघ १ मा आफू अनुकूलको व्यक्ति छान्ने काम गर्नुभयो जुन कानुनविपरीत छ ।

यसरी आफू स्वयं राजनीति आस्थाका आधारमा नियुक्ति गर्ने, उपकूलपतिको मर्यादामा नबसी पार्टीकै क्याडर झैं काम गर्ने, उपकुलपति हुनका लागि गरेको प्रतिबद्धता कुनै कार्यान्वयन नगरी समस्याको चाङबाट भाग्न शिक्षक, विद्यार्थी र कर्मचारी संघ, संगठन, सरकार र प्रधानमन्त्रीलाई दोष दिई गरिएको राजीनामा खालि पानीमाथिको ओभानो बन्ने दाउमात्र हो । त्रिविको एक वर्ष अन्यौलमा खेर फाली उहाँले देश र समाजलाई झुक्यााउने काम गर्नुभएको मेरो बुझाइ छ । सायद उमेरको कारणले पनि होला, उहाँमा समसामयिक उच्च शिक्षाको अवस्था, विश्व परिवेश, बजारीकरण जस्ता षियमा अनभिज्ञ पाएँ । उपकुलपति भएपछि सर्वज्ञानी भइन्छ भन्ने अहम् राखेर प्राध्यापकहरूसँगको छलफलमा समेत उक्त विषयको ज्ञान नभए पनि आफ्नो भनाइ लाद्न खोज्ने प्रवृत्ति उहाँमा देखियो । आफू अनुकूल नदेखिएका पूर्ववत् पदाधिकारीको निर्णयलाई खिसिटिउरी गर्ने र उक्त निर्णयमा टेकेर संस्था सुदृढ गर्नुभन्दा पनि कतिपय संस्थामाथि धावा नै पनि बोल्नुभयो । विसं २०७१ सालदेखि निर्णय भई काठमाडौंमा स्थापना भएको स्कुल अफ फरेस्ट्रीलाई औचित्यहीन देख्नुभयो जब कि त्रिविको भिजन अनुसार २०३० मा नै स्कुलहरूको स्थापनालाई जोड दिइएको छ भने स्कुल अफ फरेस्ट्रीलाई उल्लेख नै गरिएको छ ।

विश्वविद्यालयका नीतिगत सवाल, अन्य विश्वविद्यालयसँग वर्षौंदेखि अल्झिएका विवाद विशेषगरी त्रिभुवन विश्वविद्यालयको हेटौंडा क्याम्पस र कृषि तथा वन विज्ञान विश्वविद्यालयबीचको विवाद समाधान गर्न कुनै चासो, पहलकदमी गर्ने प्रमुख दायित्वमा कहिले प्रयास गरेको र चासो दिएको पाइएन । भनिन्छ, जसरी आफ्नो देशको विकास गर्न नचाहने नेताले आफू अनुकूलको व्यक्ति नियुक्ति गर्दछ त्यसरी नै वर्तमान उपकुलपति पनि विश्वविद्यालय सुधार्नभन्दा पनि आफूअनुकूलको व्यक्ति नियुक्ति गर्ने कुरामा अग्रसर हुनुहुन्थ्यो । यसरी नितान्त राजनीतिबाट परिचालित भई काम गर्न थालेपछि बाधा र समस्या त थपिने नै भयो । अनि आफैंले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न नसकेपछि सरकार, प्रधानमन्त्री, प्राध्यापक संघ, संगठनलाई दोषारोपण गर्दै राजीनामा दिनुभयो ।

आगामी दिनमा प्रधानमन्त्रीकै दल निकट प्राध्यापक मेरिटोक्रेसीको नाममा उपकुलपति हुने नै छन् । त्यसमा पनि सत्तापक्षीय दलहरूले विभिन्न पदमा भागबण्डा गर्ने नै छन् तर विश्वविद्यालयको समस्या अझै जटिल बन्नेछ । अझ विश्वविद्यालयमा आएको आर्थिक संकट, विकसित देशहरूको प्राथमिकता र देशको कमजोर आर्थिक धरातलले आगामी दिनमा शिक्षा क्षेत्र अझ विशेषगरी उच्चशिक्षामा झन संकट थपिने देखिन्छ । यसको समाधानका लागि समयसापेक्ष व्यावसायिक योजना बनाउनसक्ने, सबै सरोकारवालासँग सहकार्य गरी राजनीतिक आस्थाभन्दा योग्य, सक्षम प्राध्यापकलाई प्रोत्साहन गर्नसक्ने र प्रशासक नभई सहजकर्ताका रूपमा नेतृत्व प्रदान गर्ने व्यक्तित्वको नियुक्ति हुनु जरुरी छ । विश्वविद्यालयमा अनुसन्धान र अध्यापनलाई सन्तुलित गर्दै लैजान सक्ने व्यावसायिक नेतृत्व नै अबको आवश्यकता हो ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : आत्मबल र प्रेरणा बढ्ने दिन। नयाँ काम सुरु गर्न उपयुक्त समय छ ।
**वृष** : सहकर्मीहरूबाट सहयोग पाइनेछ। धन वा प्रशस्त धातु संग्रह गर्न सकिएला।
**मिथुन** : पारिवारिक सुख मिल्नेछ। नयाँ सम्पर्कहरू लाभदायक बन्न सक्छन्।
**कर्कट** : धर्म कर्ममा रुचि बढ्नेछ । प्रेम प्रसंगमा सुनेको कुरामा विश्वास नगर्नुहोला।
**सिंह** : धार्मिक कार्यक्रमहरूमा सहभागी भइएला । आर्थिक पक्ष सबल रहनेछ ।
**कन्या** : सम्बन्धमा मिठास आउनेछ। अध्ययन वा काममा उन्नति देखिन्छ ।
**तुला** : व्यापारिक योजनामा सहयोग मिल्नेछ। स्वास्थ्यको ध्यान राख्नुहोला।
**वृश्चिक** : कामको चाप बढ्न सक्छ । स्वास्थ्यमा ध्यान दिनु उचित हुन्छ ।
**धनु** : प्रतिद्वन्दीहरू बढ्नेछन् । रोकिएको काम दोहोर्याएर गर्दा लाभ हुनेछ।
**मकर** : मान-सम्मान प्राप्त हुने समय हो । पारिवारिक सहयोग पाइनेछ ।
**कुम्भ** : कार्य क्षेत्रमा प्रशंसा मिल्नेछ। परिश्रमले सफलता ल्याउनेछ ।
**मीन** : सकारात्मक सोचले नयाँ बाटो खोल्नेछ। आत्मिक सन्तोष मिल्नेछ ।

# साहित्य दर्पण

क्लासिक निबन्ध — लक्ष्मीप्रसाद देवकोटा

## वीरहरू

तिनीहरूका पङ्ख थिए । अरू मान्छे घस्रिएर बसे । तिनीहरूको फदयमा बिजुली थियो, देशको तुसारोले झिलिक्क झिल्केर उठ्यो । अरूहरू काँपे । तिनीहरू पोस्तछन् स्वर्गबाट- जहाँ तिनका हातमा अप्सराहरू अमृतका प्याला चढाएर पर्खिरहन्छन् । अरूहरूले माटो खेती गरे । तिनीहरूले हामीहरूलाई आफू सम्झेर आफूलाई हराइरहेछन् ।

दुनियाँ तिनलाई आँसु लिएर युग-युगसम्म सम्झँदै रुँदो छ, किनकि हाम्रा परमेश्वरको चरणमा छिटो खुसीसँग चढेका स्वदेशी भाइहरू तिनै हुन् । हामी तिनकै झल्काले बाँचिरहेका छौँ, तिनीहरू नजिक हुनु हाम्रो आशाको चरम चुली छ । मृत्यु नै संसारको विशाल त्रास छ । हामी मर्दा स्वदेशी मुटु नकामेको देख्न चाहन्छौँ । नकाँप्नुमा हाम्रो जातिलाई विश्वासको स्थिरता छ । हामी आफ्नो स्वर्ग र ईश्वर सच्चा रहेछ भनेर शङ्का र त्रासहरू पन्साउँछौँ र हाम्रो मुटु अर्को युगसम्म सञ्चोसँग हाँस्न र खेल्न लाग्छ । वीर भनेको त्यो हो जो आफू सम्झँदैन । कीर्तिपिपासु बत्तीको झिल्के पुतली हो । स्वार्थनामेट नै वीरता हो । 'म बहादुर हुँ' को चैतन्य मानौँ आत्महत्याको आत्मप्रदर्शनी हो । समर्पणको भावना ईश्वरमा बिजुली मिल्दछ । एक इशारामा उफ्रने आत्मालाई म वीर भन्दछु- जो यताउति हेर्दैन, पछाडि फर्कँदैन ! उसका पुँजीका काँट नै त्यस्तै छन् । उसलाई केन्द्रमा छोइदेऊ । बस, झिलिक्क झल्किहाल्छ अनन्तताको मोहनी, अमृतको बिजुली!

सच्चा वीरमा विश्वासको जादु हुन्छ । ऊ एक झिलिकमा पुरुखा देख्तछ । दुस्मनको हाँकमा भन्दा अमरत्वको सहज विश्वासमा वीरको सच्चा टुना छ । ऊ ! आत्मा उचालियो ! खुट्टा पृथ्वीबाट उठे । समुच्च जीवन झल्कियो । उसले सत्य देख्यो । एकै निमेषभर पनि अनन्तको अमृत चाख्यो । अनि हेर, दुई सय कडोरका आँखा आश्चर्यमा टुल्टुलाएँ । ऊ मान्छेभन्दा कति माथि एक निमेषको पखेटामा उड्दछ । हामी ऋणमा डुबिरहेछौँ । दूधको भारा तिर्न हिचकिचाउनु कातरता हो ! के तिमीलाई विश्वास छैन कि तिमी माटो होइनौ ? के अनन्त साठी वर्षको रालसिँगानभन्दा पर छैन ? उताको अनन्तता यताको बोक्रे झोक्राइमा खेर फाल्नु ! डुब नानी ! गहिराइले अतासिने मोतीहरूबाट वञ्चित छन् । तर हाय ! एक अनन्तको झिलिमिलीले मलाई यतातिर तान्दछ । म उठ्नु एक विशाल मायाजालबाट मुक्ति पाउनु छ ! कातर आत्मा मान्दैन ! भोलिको पर्सिको होस नहुनु नै मेरो पार्थिवता हो । टाढाको नहुनु नै मेरो अन्धता हो । म खुम्चिन्छु । कम रोकावटको पथमा हार खाएर भागिरहन्छु । नजिकका क्षणहरू लोलाइरहन्छन् र क्षणलाई अनन्तको सर्वस्व सुम्पँदै त्रास र विकम्मापन साटेर दीनताको प्रदर्शनी देखाउँछु !

म किन झल्किनँ ? के वीरलाई परमेश्वरले सुनौला मौका पठाइदिएका हुन्छन् ? होइन, आत्माले मौका त्यहाँ पाउँछ जहाँ यसको भावना सग्लिएर अनन्तको प्रतिबिम्ब धारण गर्छ । परमेश्वरले नदिएको होइन ! मेरो स्वार्थले सबै क्षणहरू फुस्रो, धुस्रो बनाएको र तिनका टुनामा ध्वाँसो



हालेको हो । के अस्ति भैँचालो गएन? के एउटा केटाकेटी एक घरको भग्नावशेष पनि रोइरहेको थिएन ? मैले ती सुन्दर क्षणका आवाजहरू पर पन्साउँदै लोलुपताको वधिरता ग्रहण गर्ने राह लिएको थिएँ । के त्यो दिन आत्मा मसँग पुकार गरिरहेको थिएन ? त्यो पेटको भोको र आशाले वञ्चित ! मसँग धन थियो ।

ममा आत्मबल थिएन । ज्यान दिनुभन्दा सर्वस्व दिनु ठूलो कुरा हो र मलाई घिनलाग्दो लोलुपताले अघि सर्न दिएन ! अस्ति मात्र मैले फोस्रो इज्जतका निम्ति झुटो बोलेँ ! ममा वीरको ताज लगाउने जोश थिएन । म सत्यका निम्ति कति कम दान गर्न सक्तछु- सत्तरी रुपियाँको जागिर जाला भन्नेमा सत्तरी हजार नसा काँप्तछन् ! समाजको अन्धता खप्नुभन्दा सत्यको घाँटी रेट्न मलाई सजिलो लाग्छ र म मेरो आत्मासँग झुटो बोल्छु र दुनियाँसँग सच्चाइको सच्चरित्रताको दावा राख्तछु । अनि मेरो मुटु किन नकाँपोस्? मलाई रुनै मन लाग्छ, कहाँ-कहाँबाट आँसु भुलभुलाएर आउँदछन्, जब म आफ्ना स्वदेशका वीरहरूको नाम सम्झन्छु । मलाई त्यस्तै हुन मन लाग्दो हो । म यो मट्टीधूसन जीवनसँग तिनीहरूलाई हरहमेशा दाँजिरहेको हुँदो हुँ । नेपाली माटोमा किरण त्यहाँ झर्यो, बीउ त्यहाँ रोपियो र सुगन्ध त्यहाँ फुल्यो, जहाँ तिनीहरू जीवनको गुलाबी लाली पोख्तछन्, तिनका बास्नाहरू हावाले दूरतासम्म पुर्याएर अरूहरूलाई फुल्नको प्रेरणा गर्दछन् ।

छिः ! मलाई बराबर लाग्दछ, यो के जीवन ? माटो मुसारेझैँ, आँखा बन्द गरेर मुख उघारेझैँ सिँगानले न्यालधूसरता ! यहाँ के छ ? मेरो आत्मा त्यहाँ खोज्छ केही खँदिलो कुरा, जहाँ तिनीहरू बसेका छन् । म अविदितको यात्रामा जान चाहन्छु । स्वर्गको फिलिङ्गो चोर्न चाहन्छु ! महको माखा हुन चाहन्नँ । ***-साहित्यपोष्ट डटकम***


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

**तानसेन नगरपालिकाको अनुरोध**


-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।


| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


समिक्षा — पुष्कर अथक रेग्मी

# काव्यमा 'तीर्थाटन'




'तीर्थाटन' काव्य सङ्ग्रहका लेखक स्व. लोकनाथ उपाध्याय रेग्मीको नाति एवं सुदन प्रकाश रेग्मीको भाञ्जा चोलाकान्त पौडेलसँग मेरो सान्निध्यता अभिभावकीय मित्रको रूपमा चार दशक अघि देखि नै रहँदै आएको छ । यसैले पनि होला चोलाकान्त पौडेल, उनकी धर्मपत्नी एवं शीत काव्य समाज नेपाल पाल्पाकी अध्यक्ष कवयित्री इन्दिरा ज्ञवाली पौडेल र सुदन प्रकाश रेग्मीबिच भएका कुराकानी र सहमति पश्चात सुदनजीसँग मेरो भेटघाट भयो । कुराकानीको क्रममै उनले आफ्नो बुवाद्वारा लिखित तीनवटा पाण्डुलिपि दिदैं, "बुवाद्वारा लिखित कविताहरूका साथै धेरै कुराहरू छन् यसभित्र, यदि छाप्न योग्य छन् भने प्रक्रिया अगाडि बढाइदिनुहोला" भनी अनुरोध गरेसँगै मैले पनि पाण्डुलिपि हातमा लिइ सरसर्ति हेरी, आफ्नो व्यस्त समयको बावजूद पनि हजुरबुवा समानको देवतुल्य स्वर्गीय पितृको आशिक लाग्ने महसुस भएकोले काव्यहरू सम्पादित सहित प्रकाशन प्रक्रियामा सहयोग पुऱ्याउन बचनवद्ध भएँ । प्राप्त भएका तीनवटा हस्तलिखित सामग्रीहरूमध्ये पहिलो करीब १५० पृष्ठको लामो रजिष्टार आकारको कापीमा लेखिएको काव्यहरूको पाण्डुलिपि थियो । दोस्रो नयाँ नोटबुक कापीको केही पृष्ठहरूमा पुरानै काव्यहरू सारिएका थिए । तेस्रो पुरानो नोट बुक कापी थियो र जसभित्र थोरै पृष्ठ मन केही फुटकर कविता र भावनाहरू तथा बाँकी पृष्ठहरूमा घर व्यवहार र अन्य समसामयिक कुराहरूको टिपोट थियो । तीनवटै सामग्रीको अध्ययन पश्चात् मैले काव्यहरूको सङ्ग्रह रहेको पहिलो पाण्डुलिपिलाई आधार लिए यद्यपि यो अति नै जिर्ण र झुत्रो परेको थियो । कतिपय पृष्ठहरू च्यात्तिएका, कतिपय शव्दहरूमा अक्षरका अंशहरू नभएका र कतिपय शव्दाक्षर नबुझिने अवस्थामा समेत रहेका थिए । जे-जस्तो भएता पनि प्रातः स्मरणीय पिताजी स्व. लोकनाथ उपाध्याय रेग्मीले जीवनभर साधना गर्नु भएको काव्य संग्रह यही पाण्डुलिपिमै थियो ।

पाण्डुलिपिको अध्ययन पश्चात अधिकांश काव्यहरू तीर्थाटनसँग सम्बन्धित रहेकोले मैले बद्री केदार यात्रा (शुभ साइत, तीर्थगमन, श्री केदारनाथजीको दृश्य, श्री बद्रीनाथजीको दृश्य, श्री बद्रीनाथबाट रमाना, बाटा धामको भीड, धाम यात्रा गर्ने रूल नियम), तीनधाम यात्रा (रामेश्वरको दृश्य तथा स्नान दर्शन वेटद्वारिकाको दृश्य, अयोध्यापुरीको दृश्य), मुक्तिनाथ धाम तीर्थयात्रा, देवघाट तीर्थयात्रा, मानसरोवर तीर्थयात्रा, ताक्लाकोटको दृश्य मानसरोवरको दृश्य, अलमल अलपत्र, अलाप विलाप पिठौराकोटको दृश्य), गोस्वामि कुण्ड यात्रा, कुरूक्षेत्र तीर्थयात्रा, जनकपुरधाम यात्रा, राम्दिघाट कोटीहोम महायज्ञ, केही ज्ञान तत्वका कुरा, सजिलो यज्ञ, श्रीमद्भागवत सप्ताह महायज्ञ, खोरियाघाटको दृश्य र त्रिवेणी यात्रा तथा कोटीहोम शीर्षकमा रहेका काव्यहरूको सम्पादन गरी कवि लोकनाथ उपाध्याय रेग्मीद्वारा लिखित काव्यहरूलाई काव्य संग्रह 'तीर्थाटन' नामाकरण गरी सार्वजनिकरण गर्न पाउँदा अपूर्व खुशी लागेको छ ।

नेपाली भाषाको हालसम्म प्राप्त सबभन्दा पुरानो लिखित दस्तावेज दामुपालको अति संक्षिप्त दुल्लू (वि.सं.१०३८) लाई मानिएको छ । कविता साहित्यको इतिहासको चर्चा गर्दा नेपालको एकीकरण र राज्य विस्तारको अवधि नेपाली कविता साहित्यको आदिकाल हो । जसलाई वीरगाथाकाल पनि मानिएको छ । यसपछिको पूर्वमध्यकालमा कृष्णभक्ति, रामभक्ति र निर्गुणभक्ति धाराका कविताहरू लेखिएका छन् । भक्तिकालमा पाल्पाली आदिकवि छविलाल नेपालले गोपीगीत (२९२५), पुत्रशिक्षा (१९३५) र खड्गस्तुति (१९५३) रचना गरेका थिए । यतिबेलादेखिनै पाल्पाली स्रष्टाहरूले कविता साहित्यको इतिहासलाई आजको समुन्नत अवस्थासम्म ल्याइपुर्याएका छन् ।

राष्ट्रिय स्तरमै प्रतिष्ठापित शास्त्रकवि माधव प्रसाद देवकोटा, दर्शन शिरोमणि मीनप्रसाद नेपाल, पवन कुमारी देवी श्रेष्ठ, यादवनाथ करुइराला, कुलमणि देवकोटा, कृष्णचन्द्र देवकोटा, नलराज शास्त्री नेपाल, कालुमान अमात्य, प्रा.डा. वेणिमाधव ढकाल, डा. माधव प्रसाद पाण्डे, कृष्ण प्रसाद कोइराला, रामजी प्रसाद ज्ञवाली, महेश्वर प्रसाद श्रेष्ठ आदिले कृतिहरू प्रकाशित गरी भक्ति कविता साहित्यको व्यापिकरणमा योगदान पुर्याएको देखिन्छ ।

विशेषतः भक्तिमार्गमा आधारित तीर्थयात्रा केन्द्रीत साहित्यको लेखाजोखा गर्दा अग्रज नियात्राकार सुब्बा कृष्णप्रसाद लाकौलले तीर्थयात्रा दैनिकी (१९३७), गितासार (१९६८), लेखेका थिए । दुवै कृति प्रकाशित (२०८१) भएका छन् । स्रष्टा शिव प्रसाद कोइरालाको धार्मिक नियात्रा तीर्थयात्रा (२०८०) प्रकाशित भएको छ । लाकौलको तीर्थयात्रा दैनिकी र कोइरालाको तीर्थयात्रा भित्र विभिन्न देवतीर्थस्थलहरूको यात्रा, अवस्था र दृश्यावलोकनहरूलाई गध साहित्यको रूपमा प्रस्तुत गरिएको छ ।

चिनको मानसरोवर, नेपाल र भारतमा रहेका पवित्र देवतीर्थस्थलहरूको यात्रा, अवलोकन, दर्शन गरी भक्तिमार्ग केन्द्रीत पध यात्रा साहित्यको काव्यिक पाण्डुलिपि लोकनाथ उपाध्याय रेग्मीद्वारा लिखित तयार पारिएको भएतापनि अप्रकाशित अवस्थामै रहेको थियो । आफ्नो जीवनकालमै कृति प्रकाशित गर्ने सोंच आदरणीय पिताजी कविज्यूले लिनु भएतापनि सो पूरा हुन सकेन् यधपि परलोकगमन पश्चात भएतापनि काव्यहरू एकत्रित गरी काव्य संग्रह तीर्थाटन (२०८१) प्रकाशन गर्नुहुने लेखककी धर्मपत्नी तिलकुमारी रेग्मी, व्यवस्थापकीय चाजोपाँजो मिलाई पिताजी लोकनाथ उपाध्याय रेग्मीलाई नेपाली कविता साहित्यको इतिहासमा 'कवि' को रूपमा प्रतिष्ठापित गर्नुभएकोमा सुपुत्रत्रय नारायण प्रसाद रेग्मी, सुदन प्रसाद रेग्मी र ओम प्रकाश रेग्मी सदा स्मरणीय पात्रको रूपमा रहेका छन् । पाण्डुलिपिभित्र रहेका सबै काव्यहरूलाई 'तीर्थाटन' भित्र समेटन सकिएका छैनन् । अझैपनि स्वर्गद्वारी धाम यात्रा, काशी गयाजीको यात्रा, कालिगण्डकीको स्नान, रिखेश्वरको दर्शन, मिर्मि जल बिधुत दृश्य, मकै छर्ने तरिका, पतिपत्नी सम्बन्ध, रामपुर बेझाडको धान्याचल सप्ताह महायज्ञ, दाजु डिठा प्रेमनारायणको स्मृति, भाइ भिन्नको अबस्था, भाष्यमा ७५ जिल्ला, मुलुक संकटमा, नयाँ युवकलाई चेतना, गरूड पुराण महायज्ञको विवरण, नाति तोयनाथको विवाह, बडा दशैंको आशीर्वाद, वरदान, रामपुर विकास, चन्द्रग्रहण, २०६३ सालको वर्षा, अमेरिका यात्रा लगायतका शीर्षकका काव्यहरू रहेका छन् । यी सबैलाई सम्पादित गरी प्रकाशित गर्ने हो भने पनि कवि लोकनाथ उपाध्याय रेग्मीको फेरि अर्को कृति प्रकाशित हुन जानेछ ।

देवतुल्य पितृस्वरूप भइ परलोकमा रहनु भएका हजुरबुवा सरहको पुजनीय व्यक्तित्व कवि लोकनाथ उपाध्याय रेग्मीद्वारा लिखित तीर्थयात्रा परक काव्यहरूलाई सम्पादित गरी तीर्थाटन नामाकरण गरी प्रकाशन कार्य गर्नमा सहयोग पुऱ्याउने उपयुक्त पात्र म कदापि होइन यद्यपि नाति पुस्ताकै म पुष्कर अथक रेग्मीले कृति सम्पादन गर्ने अवसर पाएकोमा फदयदेखिनै गौरवान्वित भएको छु । शुरूमै भनिसकेको थिए- पाण्डुलिपि अति जिर्ण, झुत्रो, पृष्ठहरू च्यात्तिएका, कतिपय अक्षरका अंशहरू नभएका, कतै अक्षरहरूनै नबुझिएका अबस्थामा रहेको उपलब्ध पाण्डुलिपिमा कविज्यूद्वारा जे जसरी जस्तो भाष्यमा लेखिएका थिए, तिनिहरूलाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ । यसर्थ अध्यताहरूले श्लोकको मनन गरी रस्वादन गरिदिनु हुन सादर अनुरोध छ । 'तीर्थाटन' पठनीय कृति मात्रै नभइ दर्शनीय पवित्र तीर्थस्थलको रूपमा समेत उपस्थित भएको छ । अतः काव्य पारखीहरू र देव तीर्थयात्राप्रति रुचि राख्ने सबैले यो कृतिको अधोपान्त आस्वादन गरेमा देह र मन नै समस्त तीर्थस्थल पुगी पुण्य प्राप्ति भएको महसुस हुनेछ ।

***(लेखक स्थापित साहित्यकारका साथै श्रष्टा/समीक्षक हुन् ।)***

# पाल्पाली साहित्यकार अथक काठमाडौंमा सम्मानित



**पाल्पा, वैशाख १२**/पाल्पाली साहित्यकार तथा समीक्षक पुष्कर अथक रेग्मी काठमाडौंमा सम्मानित भएका छन् । राष्ट्रिय सुसेली फाउण्डेसनले आफ्नो सातौ वार्षिक दिवसको अवसरमा रेग्मीलाई समीक्षाको माध्यमद्वारा सुसेलीको व्यापिकरणमा पुऱ्याएको योगदानको कदर गर्दै समीक्षकको रूपमा सम्मान गरेको हो ।

फाउण्डेसनले रेग्मीलाई ‘चन्द्रा कमला शिवहरि वाग्ले सुसेली पुरस्कार’ बाट सम्मान गरिएको जनाएको छ । उनलाई प्रमुख अतिथि वरिष्ठ साहित्यकार प्रा.डा.जगतप्रसाद उपाध्याय ‘प्रेक्षित’,राष्ट्रिय सुसेली फाउण्डेसनका अध्यक्ष दुर्गा अधिकारी भमरकोटे र दाता साहित्यकार चन्द्रा न्यौपाने लगायतले दोसल्ला, प्रमाणपत्रले सम्मान गरेका हुन् । सम्मानित रेग्मी पाल्पा साहित्य समाज, शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालका अध्यक्ष र शीत काव्य समाज नेपालका परिकल्पनाकार समेत हुन । उनी पाल्पामा बसी साहित्यिक अभियानहरू सञ्चालन गर्दै आएका छन् । दुई दर्जनभन्दा बढी कृति प्रकाशित गरिसकेका अथकले परेवा पाक्षिक र नवजनचेतना राष्ट्रिय दैनिकमा समीक्षा लेख्दै आएका छन् । फाउन्डेसनले रेग्मीसहित विभिन्न विधाका पन्ध्र जना स्रष्टाहरूलाई समेत सम्मान गरेको छ । जहाँ जन्मभूमि सुसेली सम्मानबाट वरिष्ठ कवि श्री ठाकुर शर्मा भण्डारी, डा.शेष-चन्द्रा न्यौपाने सुसेली सम्मानबाट वरिष्ठ कवि डा. श्री यज्ञश्वर निरौला, राम-सुशीला सुसेली सम्मानबाट वरिष्ठ कवि प्राज्ञ डा. देवी नेपाल, सुचिता-ऋतु सुसेली सम्मानबाट वरिष्ठ साहित्यकार प्रा.डा.जगतप्रसाद उपाध्याय ’प्रेक्षित’, केशव-विमला सुसेली सम्मानबाट वरिष्ठ कवि श्री वेदमणि घिमिरे, कमला देवकोटा सुसेली सम्मानबाट वरिष्ठ कवि प्राज्ञ डा. हेम पौडेल, बम-जानुका सुसेली सम्मानबाट वरिष्ठ कथाकार प्राज्ञ माया ठकुरी, मुरली-सरस्वती सुसेली सम्मानबाट वरिष्ठ साहित्यकार प्रा.डा.रामप्रसाद ज्ञवाली, कृष्ण-गुनु सुसेली सम्मानबाट कविन्द्र श्री कलानिधि दाहाल सम्मानि भएका हुन् । यस्तै गंगा सुसेली सम्मानबाट महाकाव्यकार चन्द्रप्रसाद न्यौपाने, गंगा सुसेली सम्मानबाट समीक्षक श्री अरुण नदीरु खत्री,चन्द्रा-कमला-शिवहरि वाग्ले सुसेली सम्मानबाट, वरिष्ठ साहित्यकार एवम् पत्रकार छविरमण सिलवाल, राष्ट्रिय सुसेली फाउन्डेसन सम्मानबाट प्रकाशक, साहित्यकार एव मिडियाकर्मी दामोदर ढकाल ‘दीपक’ र राष्ट्रिय सुसेली फाउन्डेसन सम्मानबाट साहित्यकार एवम् टेलिभिज कार्यक्रम प्रस्तोता सुशीला ढकाल अधिकारी पनि सम्मानि भएको फाउन्डेसनले जनाएको छ ।

## खेलकुद समाचार


# एन्फा कप फुटबल प्रतियोगिता नहुने

**काठमाडौं, वैशाख १२**/अखिल नेपाल फुटबल सै (एन्फा)ले आयोजना गर्ने भनेको लिग कम नकआउट फुटबल प्रतियोगिता एन्फा कप नहुने भएको छ ।

एन्फाले ‘ए’ डिभिजनका क्लब सहभागी हुने गरी वैशाख २० गतेदेखि प्रतियोगिता आयोजना गर्न चैत २५ गते नै निर्णय गरेको थियो । एएफसी क्लब च्याम्पियनशिप प्रतियोगितामा टिम पठाउने लक्ष्यसहित प्रतियोगिता गर्ने निर्णय गरेको एन्फाले जनाएको थियो । तर १४ वटा ‘ए’ डिभिजन क्लबमध्ये चार टिमले मात्र नाम दर्ता गराएपछि प्रतियोगिता आयोजना गर्न नसकिएको एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए । टिम दर्ता गर्ने समय अस्ति बुधवारसम्म तीन विभागीय टोली त्रिभुवन आर्मी एफसी, नेपाल पुलिस क्लब र एपीएफ क्लबसहित सङ्टा क्लबले मात्र नाम दर्ता गराएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# साताको सेयर कारोबार ६४ अंकले घट्यो



**पाल्पा, वैशाख १२**/साताको सेयर कारोबार ६४ अंकले घटेको छ । यो साता सेयर बजार दुई दशमलव ३५ प्रतिशत अर्थात् ६४ अंक घटेको हो ।

गत साता २ हजार ७ सय २२ अंकमा रहेको बजार यो साता २ हजार ६ सय ५८ अंकमा झरेको छ । पाँच दिन कारोबार भएको बजार ४ दिन घट्यो भने अन्तिम एक दिन झिनो अंक बढ्यो । पहिलो दिन आइतबार १६ दशमलव ६८, सोमबार ७ दशमलव ७५, मंगलबार ९ दशमलव ९६ र बुधबार ३२ दशमलव ३८ अंक घट्यो । बिहीबार जम्मा २ दशमलव ०८ अंक बढ्यो । समग्रमा यो साता बजार ओरालो लागेको छ । गत साता १ दशमलव ९४ प्रतिशतले नेप्से बढेको थियो । वृद्धिदरभन्दा गिरावट दर ठूलो देखिएको छ ।

बजार घटे पनि कारोबार रकम भने उल्लेख्य नै छ । यसले गर्दा ठूला र संस्थागत लगानीकर्ताले सेयर ‘एक्युमुलेसन’ गरिरहेको अनुमान छ । आइतबार ८ अर्ब ४३ करोडको कारोबार भएकोमा सोमबार ८ अर्ब ७७ करोड तथा मंगलबार ८ अर्ब ३२ करोड, बुधबार ७ अर्ब ५७ करोड र बिहीबार ७ अर्ब ८७ करोडको कारोबार भयो । यो साता विकास बैंक र फाइनान्स ४ प्रतिशतभन्दा धेरै घटे । गत साता विकास बैंक ४.२ प्रतिशत बढेको थियो भने फाइनान्स ०.७४ प्रतिशत मात्रै बढेको थियो । गत साता लगानी सेक्टर सबैभन्दा धेरै ७.३३ प्रतिशत बढेको थियो । यो साता भने उत्पादन समूह मात्रै १.५ प्रतिशत बढ्यो । अरु सबै घटे । गत साता उत्पादन समूह ०.२६ प्रतिशत मात्रै बढेको थियो । उत्पादन समूहमा जम्मा ९ कम्पनी सूचीकृत छन् । यो समूहमा रहेका दुई कम्पनी यो साता मूल्य धेरै बढेका १० कम्पनीभित्र पर्न सफल भए । बोटलर्स नेपाल बालाजु र सर्वोत्तम सिमेन्ट यो साता मूल्य धेरै बढेका १० कम्पनीमा छन् । मुख्यत: यीनै दुई कम्पनीको मूल्यवृद्धिले समग्र सेक्टरलाई यो साता धनात्मक वृद्धि कायम राख्यो ।

# भूकम्पको दशक : भत्किएका संरचना...

...पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले पुरातात्विक सम्पदा पुनर्निर्माणका लागि आवश्यक बजेटको अभाव, नीतिगत अस्पष्टता, आवश्यक कच्चा पदार्थको अभावले समयमा नै निर्माणको काम सम्पन्नमा चुनौती रहेको बताइन् । “विश्व सम्पदा क्षेत्रभित्रका एक सय ७० र बाहिरका सात सय ५०, गुम्बा दुई सय १५, अन्य भूकम्पबाट क्षति भएको तर सूचीकृत नभएका तीन सय ६५ गरी एक हजार ५०० वटा संरचना क्षति भएको थियो । जसमध्ये गुम्बासहित आठ सय १५ वटाको काम सम्पन्न भएको छभने एक सय ५४ को काम निरर्न्तर अघि बढिरहेको तथा पाँच सय ३१ संरचनाको काम बाँकी छ । हालसम्मको खर्च करिब सात अर्ब २० करोड भएको छ”, उनले भनिन्, “सम्पदा पुनर्निर्माणका क्रममा परम्परागत समानको अभावले गर्दा निर्माणको काम पनि पछि धकलिएको हो ।” महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदनले २०७२ सालको भूकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माणकार्य सम्पन्न गरी भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको सुझाव दिएको छ । प्रतिवेदनअनुसार पुरातात्विक सम्पदा र एकीकृत बस्ती विकास तथा सुधारलगायत क्षेत्रमा चालु कार्य सम्पन्न भएका छैनन् । बाँकी कार्य सम्पन्न गर्न पहल गर्नुपर्नेमा प्रतिवेदनको जोड छ । पुनर्निर्माण प्राधिकरणले २०७६ पुस २८ मा विपद्पश्चातको पुनर्निर्माण तथा पुनर्लाभ कार्य ढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रु चार खर्ब ८९१३ करोड ५३ लाख कायम गरेको थियो । प्राधिकरण स्थापना हुँदा पाँच वर्षमा पुनर्निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकामा प्राधिकरण खारेज भई केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास)लाई कार्यकम हस्तान्तरण गरिएको हो । बाँकी रहेका लाभग्राहीको अनुगमन गरी प्रवलीकरणको कार्यलाई पूर्णता दिनुपर्ने प्रतिवेदनको सुझाव छ । अनुदान वितरण भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रवलीकरण अनुदानका लागि छनोट मापदण्डको व्यवस्था गरेको थियो । पहिलो र दोस्रो किस्ता लिई कार्यसम्पन्न नगर्ने लाभग्राहीको सन्दर्भमा अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चित हुनुपर्नेमा पनि महालेखाको सुझाव रहेको छ । निर्माण सम्पन्न निजी आवास प्रयोजनमा नगई अन्य प्रयोगमा आएकाले सदुपयोगको सुनिश्चितता गर्नुपर्नेमा पनि महालेखाको सुझाव छ । पूर्वाधारविद् कमलराज पाण्डेले दीर्घकालीन योजनाको अभावले समयमा नै पुनर्निर्माणको काम सम्पन्न हुन नसकेको बताए । “पूर्वतयारी कमजोर हुँदा समयमा विपद् व्यवस्थापन गर्न सकिँदैन । पुनर्निर्माणको काममा ढिलाइ हुनुको मुख्य कारण यही हो । अनि प्राथमिकरण राम्रो हुन सकेन”, उनले भने । विसं २०७२ मा गएको विनाशकारी भूकम्पपछि समेत सरकारले पुनर्निर्माणका लागि पैसा जम्मा गर्न भन्दै दाता सम्मेलन गरेको थियो । जुन सम्मेलनमा रु चार खर्बभन्दा बढी रकम सहयोग गर्ने घोषणा भएको थियो । तर घोषणाअनुरूप अनुदान भने आउन सकेन । गोरखा भूकम्पले ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौं, रसुवा, नुवाकोट, धादिङ, गोरखा र मकवानपुर गरी १४ जिल्लामा धेरै क्षति गरेको थियो । यसैगरी सङ्खुवासभा, भोजपुर, खोटाङ, सोलुलुखुम्बु, चितवन, तनहुँ, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँची, पूर्वी नवलपरासी र पश्चिम नवलपरासी गरी १८ जिल्ला कम प्रभावित भएका थिए ।

**भूकम्पले के सिकायो ? के सिकेनौं?**

खानी तथा भूगर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा. लोकविजय अधिकारीले भूकम्प गएमा के गर्ने ? के नगर्ने विपद्मा कसरी संयमता अपनाउने ? सुरक्षित हुने तरिका के हुने ? लगायत विषयमा २०७२ सालको भूकम्पले पाठ सिकाएको बताए । “नेपालमा जुनसुकै बेलामा पनि भूकम्प जाने जोखिम छ । काठमाडौंदेखि दक्षिणतिरको चुरे क्षेत्रसम्म भूकम्कपीय जोखिम बढी छ । भूकम्प जाँदा अब कसरी सुरक्षित हुने, कसरी आफ्ना संरचना भूकम्प प्रतिरोधी बनाउनेलगायत विषयमा हामीले पाठ सिकेका पनि छौँ”, उनले भने, “२०७२ सालको विनाशकारी भूकम्पपछि कतिले त उपत्ययकामा अग्ला घर भत्काएर होचा पनि बनाएका थिए । संरचना बलियो हुनुपर्ने चेतना आएको थियो । त्यसपछि भवन आचारसंहिता अधिकांश स्थानीय तहले लागू गरेका छन् । खुला स्थान चाहिन्छ र पूर्वतयारी आवश्यक रहेको पाठ सिकायो ।” अझै पूर्वतयारीका गतिविधि अगाडि बढाउन सकेमा भविष्यमा आउन सक्ने सम्भावित भूकम्पीय जोखिम न्यूनीकरण हुन सक्ने अधिकारीको भनाइ छ । “हामीले भनिरहेका छौं, अझै पनि भूकम्पीय जोखिम छ । विसं २०७२ को भूकम्पले कति कुरा सिकायो । कति कुरा हामीले सिक्नै बाँकी रह्यो”, उनी भन्छन्, “पूर्वतयारीलाई प्राथमिकता दिनुपर्ने, भूकम्पीय शिक्षा र जनचेतना अभिवृद्धि गर्नुपर्ने, खुला स्थानको व्यवस्था गर्नुपर्ने, बलियो संरचना निर्माण गर्नुपर्नेलगायत कतिपय कुरा सिक्नै बाँकी छ ।” अधिकारीले २०७२ सालपछि भूकम्पसम्बन्धी अध्यायन अनुसन्धानलाई प्राथमिकता दिनु सकरात्मक रहेको टिप्पणी गरे । आर्किटेक इन्जिनियर अमितप्रसाद तिमल्सेनाले पनि भूकम्पपछि संरचना भूकम्पप्रतिरोधी बनाउनुपर्ने चेतना बढाएको बताए । “भूकम्पमैत्री संरचना निर्माणका लागि भवन निर्माण संहिताको कडाइका साथ कार्यन्वयन गराउनुपर्छ । संहिताको कार्यन्वयन भए/नभएको विषयमा राज्यले अनुगमनलाई कडाइका साथ अगाडि बढाउनुपर्छ”, उनले भने, “भूकम्पप्रतिरोधी संरचना निर्माणसम्बन्धी व्यापक प्रचारप्रसार भने अझै जरूरी छ ।” ललितपुरस्थित पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा. वासुदेव कार्कीले २०७२ सालको भूकम्पको मनोवैज्ञानिक त्रास अझै बाँकी रहेको र सानासाना भूकम्पको पराकम्पनमा पनि मानिस अत्तालिने समस्या अझै बाँकी रहेको बताए । “प्राकृतिक विपद्मा कोही आफन्त, कोहीले बासस्थान गुमाएका हुन्छन् । कति घाइते हुन्छन् । कतिलाई फेरि भूकम्प आएर केही घटना हुन्छ कि डर हुन्छ । यसले मनोवैज्ञानिक स्वास्थ्यमा असर बढाएको हुन्छ,” उनी भन्छन्, “मनोवैज्ञानिक रूपमा कसरी मानसिक स्वास्थ्यको विषयमा पनि विपद्मा मनोवैज्ञानिक परामर्शको समेत जरूरी भएकाले पूर्वतयारी जरूरी छ ।”


UMN यूनाईटेड मिसन अस्पताल
तानसेन पाल्पा, नेपाल

**सिलबन्दी दरभाउ पत्र आह्वान बारे सूचना**

**प्रकाशित मिति: २०८२/०१/१२**

यस UMNMDT युनाईटेड मिसन अस्पताल तानसेनलाई आवश्यक CT Scan मेसीन खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा संस्थालाई तल उल्लेखित मिति र समयभित्र यस अस्पतालमा वा तोकिएको स्थानमा रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

- दरभाउपत्र फारम शुल्क रु. ५,०००।- (फिर्ता नहुने)
- दरभाउपत्र पाउने, दर्ता गर्न सकिने र खोल्ने स्थान : UMNMDT युनाईटेड मिसन अस्पताल तानसेन वा UMNMDT HSO थापाथली ।
- दरभाउपत्र खरिद गर्न सकिने मिति : २०८२ बैशाख १२ गते देखी
  दरभाउपत्र बुझाउने अन्तिम मिति : २०८२ बैशाख २६ गते १२ बजे भित्र
- दरभाउपत्र खोल्ने मिति : २०८२ बैशाख २६ गते ४ बजे



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई